(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या र
मिति अवश्य उल्लेख गर्नुहोला)

नेपाल सरकार
# शिक्षक सेवा आयोग
☎६६३७८७२/६६३७८७३
सानोठिमी, भक्तपुर
Email : info@tsc.gov.np
Website: www.tsc.gov.np

पत्र संख्या : ०७३।७४
चलानी नं. : 633

मिति : २०७३।०९।०७

विषय : अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्री क्षेत्रीय शिक्षा निर्देशनालय
५वटै विकास क्षेत्रहरु
(धनकुटा, हेटौंडा, पोखरा, सुर्खेत र दिपायल)

प्रस्तुत विषयमा आयोगको मिति २०७३।०९।०७ गतेको बैठकमा "शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित) २०५७ को नियम ३९ (१)मा "यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनैपनि तहको श्रेणीमा शिक्षक पदमा स्थायी नियुक्ति भई सोही तहको सोही श्रेणीबाट निवृत्त भरण पाउने गरी अनिवार्य अवकाश पाउने शिक्षकलाई एक महीना अगावै सोही तहको माथिल्लो श्रेणीमा बढुवा गर्नको लागि आयोगले सिफारिश गर्नेछ ।" भन्ने उल्लेख भए अनुसार जिल्ला शिक्षा कार्यालयहरुबाट शिक्षकको विशेष बढुवाका फाइलहरु निर्णयार्थ आयोगमा आउने गरेका छन् । प्रत्येक शिक्षकको लागि पटक पटक निर्णय लिदा शिक्षकहरुलाई पनि आयोगमै धाउनु पर्ने अवस्था देखिएको र आयोगमा पनि प्रत्येक शिक्षकको लागि पटक पटक निर्णय गर्दा झन्झटिलो भएकोले यसलाई सहज बनाउन सम्बन्धित जिल्लाको जिल्ला शिक्षा अधिकारीलाई नै आवश्यक कागजात र प्रमाणको आधारमा विशेष बढुवा गर्ने जिम्मेवारी दिन उपयुक्त हुने भएकोले उक्त नियम अनुसार शिक्षकहरुलाई विशेष बढुवा गर्ने अख्तियारी सम्बन्धित जिल्ला शिक्षा अधिकारीलाई प्रदान गर्ने"निर्णय भएकोले कार्यान्वयनको लागि मातहतका जि.शि.का.हरुमा पत्राचार गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

(निशा ओली)
शाखा अधिकृत

शाखा अधि

बोधार्थ :

श्री विद्यालय शिक्षक किताबखाना

ताहाचल, काठमाण्डौं ।